# नेपाली जनसम्पर्क समिति, संयुक्त अधिराज्यको विधान २०६३

## प्रस्तावना

संयुक्त अधिराज्य र नेपाल बीचको मैत्रीपूर्वक सम्वन्धवाट संयुक्त अधिराज्यका विभिन्न स्थानमा शिक्षा, रोजगारी एवं अन्य पेशाव्यवशाय गरि वसिरहेका समम्त नेपाली जनताई नेपालको राष्ट्रियता, लोकतन्त्र एवं समाजवादको सुत्रमा आवद्ध गराई नेपालको बेलायतसंगको असल सम्वन्धलाई अझ वढि मजवुत वनाउदै बेलायतमा बसोवाद गरिरहेका नेपालीहरूमा व्यक्तिगत तथा सामुहिक हितका साथै नेपालमा लोकतन्त्र, मानवाधिकार, शान्ति र नेपालीहरूको समुन्नती (आर्थिक तथा सामाजिक) मा बेलायतवाट सहयोग पु(याउने उदेश्यले नेपाली कांग्रेस पार्टि प्रवक्ता श्री अर्जुननरसिंह के सी को उपस्थितिमा विसं २०५९ (२२ फ्रेवुअरी २००३) लण्डनमा यस नेपाली जनसम्पर्क समिति, बेलायतको स्थापना गरिएको, नेपाली जनसम्पर्क समिति बेलायतको प्रथम अधिवेशन नेपाली कांग्रेसका उपसभापति श्री शुशिल कोइरालाको उपस्थितिमा भएकोमा गर्व गर्दै,

१. नेपाली कांग्रेसले अगाल्दै आएको नेपालको राष्ट्रियता, लोकतान्त्रीक समाजवाद र संधिय लोकलान्त्रिक गणराज्यको सिद्धान्तलाई आत्मसाथ गरि महामानव स्वर्गिय श्री विश्वेश्वर प्रसाद कोइरालावाट प्रतिपादीत आदर्श, सिद्धान्त एवं मार्गनिदेशनको अनुशरण गर्दै बिदेशमा वस्ने नेपाली नागरिकहरूवाट हरेक प्रकारले नेपालको लोकतान्त्रिक आन्दोलन र विकासमा सहयोग पु-याई संयुक्त अधिराज्यमा नेपाली कांग्रेसको सम्पर्क संस्था भई काम गर्ने ।

२. विदेशमा वस्ने नेपाली नागरिकलाई आईपर्ने कुनै पनि समाजिक, शैक्षिक, सांस्कृतिक, व्ययवसायिक एवं राजनैतिक समस्याहरूको समाधान गर्न प्रयासरत रहने तथा उनीहरूको हक हितका लागि कियाशिल रहने ।

३. नेपाल र संयुक्तअधिराज्य बीच रहदै आएको असल सम्वन्धलाई अझ वढि मजवुद बनाउदै वस्ने नेपालीहरूको समस्या समाधान गर्न बेलायत सरकार स्थानिय निकाय अन्तराष्ट्रिय संधसस्था एवं नेपाल सम्वन्धित निकायहरूसंग सम्पर्क राखी समस्याको निराकरण तर्फ प्रयास गर्ने ।

४. विदेशमा रहेर पनि नेपालको राष्ट्रियता, बहुदलिय लोकतन एवं नेपाली जनताको सार्वभौम अधिकार, मानवाधिकार, एवं मानव मात्रको कल्याणको लागि सम्पूर्ण रूपले कियाशिल रहने ।

५. विदेशमा वस्ने नेपाली जनतामा आईपर्ने विभिन्न दुःख, विपक्ति, दैविक संकट जस्ता अवस्थामा आईपर्दा सक्दो सहयोग गर्ने ।

६. राष्ट्रिय, अन्तराष्ट्रिय मानवधाधिकारवादी संध संस्थासंग सम्पर्क कायम गरी नेपालमा मानवाधिकारको सुदृढिकरण एवं प्रवर्धनको लागि कार्य गर्ने ।

## परिच्छेद - एक

## प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भः

यस संस्थाको नाम “नेपाली जनसम्पर्क समिति, संयुक्त अधिराज्य” रहनेछ । यसलाई अंग्रेजीमा (Nepali People Co-ordination Committee, United Kingdom) छोटकरी मा NPCC UK भनिनेछ ।

### २. परिभाषाः

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) "विधान" भन्नाले जनसम्पर्क समितिको विधान २०६३ सम्झनु पर्दछ ।

(ख) ”नियमावली” भन्नाले यस विधान अन्तर्गत बनेका नियमहरु सम्झनु पर्दछ ।

(ग) ”केन्द्र” भन्नाले नेपाली कांग्रेस केन्द्रिय कार्यसमिति तथा कार्यालय लाई जनाउनेछ ।

(घ) ”संस्था” वा ”समिति” भन्नाले नेपाली जन सम्पर्क समिति, संयक्त अधिराज्यलाई सम्झनु पर्दछ ।

(ङ.) ”मुल समिति” भन्नाले विधानको धारा १३ बमोजिम गठित नेपाली जनसम्पर्क समितिको केन्द्रिय कार्यसमितिलाई संझनु पर्नेछ ।

(च) ”क्षेत्रिय समिति” भन्नाले यस बिधानको धारा १७ अनुसार गठित समितिको केन्द्रिय कार्य समितिलाई संझनुपर्नेछ ।

(छ) ”तोकिएको” वा ”तोकिएवमोजिम” भन्नाले यस विधान वा अन्तर्गत बनेका नियमहरूमा तोकिए वमोजिम वा समितिको निर्णयबाट तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

(ज "विदेशमा वस्ने नेपाली” भन्नाले संयुक्त अधिराज्यमा बसोवास गर्ने गैर आवासिय नेपाली नागरिक सम्झनु पर्दछ ।

(झ) ”भातृ संस्था” भन्नाले यस समिति अर्न्तगत रहने गरि धारा २०(आ) मा उल्लेख भए अनुसार गठित संस्थाहरूलाई जनाउनेछ ।

(ञ) ”विभाग” भन्नाले यस विधानको धारा २० अन्तर्गत गठित विभाग सम्झनु पर्दछ ।

(ट) "कि्रयाशिल सदस्य” भन्नाले यस विधानको धारा ७ अन्तरगत सदस्यता प्राप्त गरेको व्यक्ति संझनु पर्नेछ ।

(ठ) "सकृय सदस्य” भन्नाले यस विधानको धारा ७ अन्तरगत कांग्रेसवाट सकृय सदस्यता प्राप्त ब्यक्तिलाई जनाउदछ ।

**३. संगठित लोकतान्त्रिक सस्था हुनेः**

(क) यो ”समिति” नेपाली कांग्रेसको एक अभिच्छिन्न उत्तराधिकारवाला संस्थाको रूपमा बेलायत स्थित संगठित लोकतान्त्रिक सस्था हुनेछ ।

(ख) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ जसमा गोलाकार भित्र नेपाली जनसम्पर्क समिति, संयुक्त अधिराज्य NPCC UK माथि नेपालको मानचित्र, त्यसको तल रातो रंगका चार ताराहरू र त्यसमुनि २००३ लेखिएको हुनेछ ।

**४. समितिको कार्यालयः**

यस समिताको केन्द्रीय कार्यालय संयुक्त अधिराज्यको राजधानी लण्डनमा रहनेछ ।

*परिच्छेद दुई*
उद्देश्य

**५. समितिको उद्देश्यहरूः**

(क) यस समितिले बेलायत स्थित लोकतन्त्रवादी नेपालीलाई एकिकृत गर्दै प्रस्तावनामा उल्लेखित भए अनुसार का मुख्य उदेश्य अनुरूप कार्य गर्नेछ ।

(ख) महिला, बालक, वृद्ध, युवा,शारिरीक एवं मानसिकरुपले असक्त व्यक्ति वा शैक्षिक दृष्टिले पिछडिएका बेलायतस्थित नेपाली नागरिकलाई सहयोग र संरक्षणकालागि विशेष प्रयास गर्नेछ ।

(ग) विदेशमा बस्ने नेपाली समाजका समाजसेवी, बुद्धिजिवि वर्ग लाई को भेला गराउने र वैचारिक आदानप्रदान गराउने कार्य गर्ने ।

(घ) प्राकृतिक विपत्ति, दैविक प्रकोप वा अन्य कुनै असाधारण घटना घटेमा कुनैपनि नेपाली, वग विशेषलाई सक्दो सहयोग प्रदान गर्ने ।

(ङ) यस समितिको सम्पर्कमा आउने विभिन्न कलाकार, प्रशिक्षित विद्वान र प्रजातन्त्रवादी नेपाली र अन्य देशका विदेशी नेताहरुको भेला गरी नेपालको प्रजातन्त्रिक विकासको लागि वैचारिक आदान प्रदान गराउनेछ ।

(च) नेपालका लोकतन्त्रवादी राजनितिज्ञहरुलाई आमन्त्रण गरी लोकतन्त्र, मानवअधिकार, राष्ट्रिय बिकास र सुशासन सम्बन्धि विषयमा सेमिनार, विचार गोष्ठि वा तालिम वा प्रशिक्षण संचालन गर्ने गराउने ।

(छ) देशभित्र घट्न सक्ने वा हुनसक्ने लोकतन्त्र विरोधी कुनैपनि कार्यहरुको विरूद्धमा अन्तर्राष्ट्रिय स्तरमा आवाज उठाउने।

(ज) लोकतन्त्र, सामुदायिक जनचेतना र नेपाली साहित्यको विकासको लागि समिति निरन्तर प्रयत्नशिल रहनेछ ।

(झ) अन्य सामाजिक कार्यहरू गर्ने ।

*परिच्छेद तीन*

सदस्यता

६. **सदस्यको प्राप्तिको लागि योग्यता :**

नेपालबाट संयुक्त अधिराज्यमा आई रोजगारी, शिक्षा एवं व्यवसाय संचालन गरी बसेका १८ वर्ष पुगेका संपूर्ण संयुक्त अधिराज्यवासी नेपालीहरु, जो देशमा नेपाली कांग्रेस पार्टीले अपनाएको राष्ट्रियता, लोकतन्त्र, समाजवादको नीति प्रति आस्था राख्दै नपालमा बहुदलिय लोकतन्त्र र मानवअधिकारको संरक्षरण र सम्बर्धन तथा बिधानमा उल्लखित उद्धेस्य प्राप्तिको लागि इच्छा राख्दछन्, सबै यस संस्थाको सदस्य हुन सक्नेछन् ।

७. **सदस्यको प्रकारः**

संस्थामा निम्नलिखित छ प्रकारका सदस्यहरु रहने छन् ।

(क) **साधारण सदस्यः** बेलायतस्थित नेपाली नागरिक जो राष्ट्रियता, बहुदलिय प्रजातन्त्र र समाजवादप्रति आस्था राख्दछन, लाई साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

(ख) **कृयाशिल सदस्यः** यस समितिवाट साधारण सदस्यता प्रदन गरेको मितिले कम्तिमा एक वर्ष पुरा गरी समितिवाट संचालित विभिन्न कार्यकमहरू मध्ये वर्षभरीमा कम्तिमा २ वटा कार्यक्रममा सहभागी भएको व्यक्तिलाई क्षेत्रिय समितिको भएको स्थानमा क्षेक्रिय समतिको सिफारिसमा र क्षेत्रिय समिति नभएको स्थानका वासिन्दा भए केन्द्रिय समतिते आवश्यक योग्यता हेरि क्रियाशिल सदस्यता प्रदान गर्नेछ ।

(ग) **सकृय सदस्यः** कम्मतिमा एक वर्ष साधारण सदस्यता रहि समितिको विधानको अधिनमा रहि यस समिति तथा नेपाली कांग्रसको विकास र विस्तारमा सकिय सहयोग पु(याउने सदस्यलाई समितिले नेपाली कांग्रेसको सक्रिय सदस्यताको लागि सिफारिस गर्न सक्नेछ ।

(घ) **संस्थागत सदस्यः** समान उद्देश्य भएका कुनै पनि संस्थाले यस समितिको सदस्यता लिने निर्णय गरी अनुरोध गरेमा कार्य समितिको निर्णयवाट त्यस्तो संस्थालाई संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ । यसरी सदस्यता प्राप्त गर्ने संस्थाको हैसियत क्षेत्रिय समिति सरहको हुनेछ ।

(ङ.) **आजिवन सदस्यः** यस समितिको विधान अनुसार साधारण सदस्यता लिन योग्यता पुगेको व्यक्तिलाई समितिले तोकेको शुल्क बुझाएमा आजीवन सदस्यता दिन सक्नेछ ।

(च) **मानार्थ सदस्यः** संस्थाको उदेश्यपुर्तिको लागि राजनैतिक, आर्थिक, सामाजिक एवं बौद्धिक क्षेत्रबाट महत्वपूर्ण सहयोग प्रदान गर्ने वा गर्न सक्ने अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्ति विशेषलाई कार्य समितिको निर्णयबाट मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ । तर मानार्थ सदस्यले कार्य समितिको निर्वाचनमा भाग लिन भने पाउने छैन ।

**८. सदस्य शुल्क देहाय बमोजिम हुनेछ ।**

(क) साधारण सदस्य £५ (पांच पाउण्ड)
(ख) कृयाशिल सदस्य एवं सक्रिय सदस्य £ २५ (पच्चिस पाउण्ड)
(ग) मानार्थ सदस्य निशुल्क
(घ) संस्थागत सदस्य (भातृ संस्था समेत) £१०० (एक सय पाउण्ड)
(ङ) आजिवन सदस्यत £ १०० (एक सय पाउण्ड)।
(च) प्रत्येक अधिवेसनको मिति भन्दा कम्तीमाा एक महिना अगावै नै आफ्नो सदस्यताको नविकरण गराउनु पर्नेछ । नविकरण नभएको सदस्यको सदस्यता स्वतह समाप्त हुनेछ , जुन सदस्यको हैसियत सुन्य हुनेछ ।
(ज) समितिको दोश्रो अधिवेशनमा मतदानको अधिकार सहित सदस्यता लिई सहभागी भएका सदस्यहरू स्वत नेपाली कांग्रेसको सक्रियको लागि योग्य भएको मानिनेछ । यस्ता सदस्यको सक्रिय सदस्यतालाई नेपाली कांग्रेसले स्वीकृत प्रदान गरेपछि लागु हुनेछ ।
(झ) समितिको क्रियाशिल सदस्य वा पदाधिकारी तथा सदस्यहरूले मासिक ष्१ का दरले प्रत्यक महिना मासिक लेवी बुझाउनु पर्नेछ ।
(ञ) साधारण सदस्यको लागि दुई जना क्रियाशिल सदस्य सिफारिस (श्रोत व्यक्तिको रूपमा च्भाभचभलअभ अनिवार्य हुनुपर्नेछ ।
(ट) तर यस समितिको दोश्रो अधिवेशनको हकमा अधिवेशनको मिति भन्दा कम्तिमा एक महिना अगाडी साधारण सदस्यता प्राप्त व्यक्तिलाई नै क्रियाशिल सदस्य मानिनेछ ।

**९. सदस्यको लागि अयोग्यताः**

देहायको अवस्थामा सदस्यको लागि योग्य मनिने छैन ।

(क) यस संस्थाको उद्देश्यको प्रतिकूल आचरण गरेमा
(ख) संस्थाको नियम उल्लंधन गरेवापत निष्काशित भएमा
(ग) मगज विग्रिएको व्यक्ति
(घ) फौजदारी मुद्दा एवं आतङ्ककारी गतिविधिमा लागेको कुनै अदालतबाट प्रमाणित भएमा ।

**१०. साधारण तथा क्रियाशित सदस्यको सदस्यताको समाप्तिः**

(क) यस विधानको धारा ९ को अतिरिक्त सदस्यता नबिकरण नभएमा र यस संस्थाको हित विपरित संस्थाको उद्देश्य र लक्ष्यमा प्रतिकूल प्रभाव पार्ने कुनै अभिव्यक्त गरेमा वा कार्य

गरेमा समितिले साधारण सदस्यता समाप्त गर्न सक्ने छ । तर यसरी सदस्यता समाप्त गरिएको व्यक्तिलाई सफाईको मौकाबाट वञ्चित गरिनेछैन ।

(ख) यस समितिको सदस्य वा पदाधिकारी भएका व्यक्ति समानान्तर उदेश्यका लागि वा प्रतिस्पर्धाका लागि खोलिएका सस्थाको सदस्य वा पदाधिकारी भएका निजको पद स्वतह समाप्त हुनेछ ।

(ग) क्रियाशित सदस्यको हकमा माथि धारा ९ का अतिरिक्त क्रियाशिल सदस्यको लागि तोकिएको सदस्यको योग्यता पुरा नगरेमा निजको सदस्यता स्वत समाम्त हुनेछ ।

(घ) नेपाली कांग्रेस वाहेक सो पार्टिको प्रतिस्पर्धामा स्थापना भएको पार्टिसंग आवद्धता प्रमाणित भएमा निजको सदस्यता स्वत समाप्त हुनेछ ।

*परिच्छेद चार*

अधिवेशन तथा कार्य समिति

## ११. अधिवेशन (गठन विधि):

(क) यस समितिवाट क्रियासिल सदस्यता प्राप्त सदस्यहरू सहित सहभागी भएको एक अधिवेशन हुनेछ ।

(ख) अधिवेशन सामान्यतया ३ वर्षको एक पटक हुनेछ । तर अधिवेशन प्रतिनिधि संख्याको एक चौथाई सदस्यहरुको लिखित आवेदन परेमा जुनसुकैबेलापनि विशेष अधिवेशन बोलाउनु पर्नेछ । अधिवेशनको गणपूरक संख्या त्यस (अघिल्लो ) अधिवेशनमा भाग लिने सदस्यको ५१ प्रतिशतलाई मानिनेछ ।

(ग) माथी खण्ड -ख) बमोजिम विशेष अधिवेशनको माग भएमा सोमाग भएको मितिले १५ ( पन्ध्र) दिनभित्र २२ (वाईस) दिनको समय राखी समितिका सभापतिले विशेष अधिवेशन बोलाउनु पर्नेछ ।

(घ) अधिवेशन तथा विशेष अधिवेशन हुनुभन्दा कम्तीमा १५ दिन अगावै नेपाल भित्रका वा संयुक्त अधिराज्यस्थित पत्रपत्रिका तथा इलेक्ट्रोनिक संचार माध्यम तथा हुलाक डेलिभरीबाट दिन सकिनेछ ।

(ङ.) अधिवेशन वा विशेष अधिवेशनमा भागलिन योग्य सदस्यले कम्तिमा अधिबेशनको तोकिएको मिति भन्दा कम्तिमा एक महिना अगाडिनै सदस्यता प्राप्ती वा नविकरण गरेको हुनु पर्नेछ । तर कार्य समितिको चयनको लागि गरिने अधिवेशन बाहेक अन्यको हकमा यस नविकरणको नियम लागु हुने छैन ।

## १२. अधिवेशनको काम, कर्तव्य र अधिकार:

(क) कार्य समितिका लागि तोकिए वमोजिमका पदाधिकारी एवं सदस्यहरुको निर्वाचन गर्ने ।
(ख) कार्यसमितिलाई निर्देशन दिने नियन्त्रण गर्ने ।
(ग) समितिको बजेट तथा कार्यक्रम माथि छलफल र स्वीकृत गर्ने ।
(घ) संस्थाको वार्षिक प्रतिवेदन माथि विचार विमर्श र पारित गर्ने ।
(ङ.) आवश्यकता अनुसार बिधानमा संशोधन गर्ने ।
(च) विशेष अधिवेशन बोलाइएकोमा जुन विषय उठान गरी विशेष अधिवेशन बोलाइएको छ सोहि उदेश्य पूर्तिको लागि मात्र सो अधिवेशन कायम रहनेछ ।

## १३. कार्य समिति (गठन विधि):

(क) यस समितिको कार्य सञ्चालनको लागि देहाय वमोजिम पदाधिकारी एवं सदस्यहरु भएको एक सत्ताईस (२७) सदस्यीय कार्यसमिति गठन हुनेछ ।

(ख) सभापति, दुई उपसभापति, महामन्त्री र एक सहमहामन्त्रि तथा १३ सदस्यहरूको चयन प्रत्यक्ष निर्वाचनद्धारा हुनेछ

(ग) अधिवेशनमा पांचवटा सदस्य स्कटल्याण्ड, वेल्स, नर्दन आयरल्याण्ड, महिला तथा भूतपूर्व शैनिकको लागि निर्वाचन आरक्षण प्रणालिमा हुनेछ ।

(घ) सभापतिले नौ जना सदस्यहरूको मनोनयन गर्न सक्नेदछन ।

(ङ.) सभापतिले कार्यसमितिका सदस्यहरू मध्येवाट एक सहमहामन्त्री र एक कोषाध्यक्षको मनोनित गर्नेछ ।

(च) सभापतिले आवश्यक सम्झेमा कार्यसमितिका सदाधिकारी वा सदस्यहरू मध्येवाट एक जना प्रवक्ता मनोनित गर्न सक्नेछ ।

(छ) पदाधिकारी तथा सदस्य मनोनित गर्दा अधिवेशनका प्रतिनिधि वा पर्यवेक्षक वा क्रियाशिल सदस्या वा सकृय सदस्यता प्राप्त गरेका सदस्यहरू मध्येवाट मनोनित गरिनेछ ।

(ज) मनोनित गर्दा समावेशिकरणलाई मध्यनजरमा राखिनेछ । पिछडिएका जनजाती र समितिको विस्तार नभएका क्षेत्रलाई विशेष प्राथमिकतामा राखिनेछ ।

(झ) क्षेत्रिय समितिका सभापतिहरू केन्द्रिय समितिको कार्यसमितिका पदेन सदस्य रहनेछन् । तर उनीहरू म्तदान प्रकृयामा भाग लिने तथा बैठकको गणपुरक संख्यामा गणना गरिने छैन ।

## १४. कार्य समितिको बैठकः

(क) सामान्यतया तीन महिनामा १ पटक कार्यसमितिको बैठक बस्ने छ । बैठकको सूचना १५ दिन अगाबै सदस्यहरुमा विद्युतियमाध्यम मार्फत सूचित गर्नुपर्नेछ । तर बैठक तत्तकालै वस्न अत्यन्त जरूरी भएको समयमा भने सभापतिले २४ घण्टाको सुचना दिएर समितिको आकस्मिक बैठक बोलाउन सक्नेछ ।

(ख) सभापतिको निर्देशनमा महामन्त्रीले बैठक बोलाउनेछ ।

(ग) समितिको कुल सदस्य संख्याको ५१ प्रतिसत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ । तर पहिलो पटक गणपूरक संख्या नपुगि दोस्रो पटक वैठक बस्नुपर्ने भएमा र एक तिहाई सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) कार्य समितिका २५ प्रतिशत सदस्यले बैठक वोलाउन आवश्यक छ भनी लिखित जानकारी गराएमा सभापतिले जानकारी आएको १५(पन्ध्र) दिन भित्र बैठक वोलाउन पर्नेछ ।

## १५. कार्य समितिको काम, कर्तव्य र अधिकारः

(क) अधिवेशनको निर्देशन पालना गर्ने र निर्णय कार्यान्वयन गराउने ।

(ख) उद्देश्य अनुरुप बार्षिक कार्यक्रम बनाई पेश गर्ने, कार्यान्वयन गर्ने, गराउने ।

(ग) वार्षिक प्रतिवेदन, आयव्यय, अधिवेशनमा पेश गर्ने

(घ) आगामी कार्यक्रम बनाई अधिवेशनमा पेश गर्ने ।

(ङ) आवश्यकता अनुसार विभिन्न उपसमिति गठन गर्ने,

(च) नियमावली बनाउने ।

(छ) संस्थागत सदस्यता सम्बन्धी निर्णय निले ।

(ज) कार्यसमितिलाई समुचित सल्लाह र मार्ग दर्शन दिन सल्लाहकारहरु नियुक्त गर्ने ।

(झ) कार्यसमितिको पदावधि ३ वर्षको हुनेछ । तर विशेष परिस्थितिमा नेपाली कांग्रेस केन्द्रिय समितिको स्विकृति लिएर छ महिना म्याद थप गर्न सकिनेछ ।

(ञ) कार्य समितिका पदाधिकारी सदस्यहरुको पदावधि निम्न अवस्थामा समाप्त हुनेछ ।

(अ) कार्यसमिति समक्ष राजीनामा दिई राजीनामा स्वीकृत भएमा वा

(आ) लिखित सूचना विना लगातार तीन पटकसम्म समितिको नियमित बैठकमा अनुपस्थित भएमा वा

(इ) संस्थाको साधारण सदस्य वा क्रियाशिल वा सक्रिय सदस्य नरहेमा

(ई) स्थायी रूपमा संयुक्त अधिराज्य बेलायत छाडी गएमा वा

(उ) संस्थाको उद्धेस्य र हित बिपरित आचरण गरेका कारण निश्कासित भएमा वा

(ऊ) कार्य समितिको कुनै पनि पदाधिकारी वा सदस्यको पद निजको पदावधि समाप्त नहुँदै रिक्त हुन आएमा वांकि अवधिको लागि मात्र सभापतिले मनोनयन गर्न सकिनेछ ।

*परिच्छेद पांच*

**१६. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

(क) सभापतिः
सभापतिको देहाय बमोजिमको काम हुनेछ ।
(अ) यस संस्थाको कार्यसमिति तथा उपसमितिहरूको समेत नेतृत्वगर्ने ।
(आ) बैठकको अध्यक्षता ग्रहण गर्ने ।
(इ) बैठक बोलाउन महामन्त्रीलाई निर्देशन दिने ।
(ई) मत बराबर भएमा निर्णायक मत दिने ।
(उ) सदस्यहरुको सल्लाह र सहमतीमा उपसमितिहरुको संयोजक तोक्ने ।
(ऊ) कार्यसमितिका सदस्यको कार्य विभाजन निश्चित गर्ने ।
(ए) संस्थाको हित, प्रतिष्ठा र सामाजिक सेवाको लागि संस्थाको उद्देश्यमा धक्का नलाग्ने गरी विशेष अधिकारको प्रयोग गर्ने ।
(ऐ) संस्थाको उद्देश्य प्राप्तिको लागि विधानद्वारा निर्दिष्ट गरिएका अन्य कामहरु गर्ने ।
(ओ) समितिको नगद तथा जिन्सीको संरक्षणको लागि आबस्यक निरिक्षण र निर्देशन दिने ।

(ख) उपसभापतिहरू
उप सभापतिहरूको देहाय बमोजिमको काम हुनेछ ।
(अ) सभापतिको कार्यमा सहयोग गर्ने ।
(आ) सभापतिको अनुपस्थितिमा सभापतिले गर्ने सम्पूर्ण कार्य निजद्वारा तोकिएको उपसभिापतिले संचालन गर्नेछ ।
(इ) सभापति पद रिक्त हुन आएमा बांकी अवधिका लागि निर्वाचन नभएसम्म उमेरले जेष्ठ उपसभापतिद्वारा कार्य वाहक सभापति भई काम गर्ने ।
(ई) अविश्वासको प्रस्ताव पारित भई सभापति हटेमा सोहि सोहि अधिवेशनले वांकी अवधि कालागि उपसभापतिहरू मध्येवाट सभापतिको चयन गर्नेछ ।

(ग) महामन्त्री
महामन्त्रीको देहाय बमोजिमको काम हुनेछ ।

(अ) सभापतिको निर्देशन लिई बैठक बोलाउने ।
(आ) समितिका सबै कागजपत्र, माइन्यूटबुक आदिको जिम्मा लिने ।
(इ) समितिले गरेको निर्णय कार्यान्वयन गर्ने ।
(ई) सदस्यहरुमा समन्वय गर्ने ।
(उ) संस्थाको उद्देश्यप्राप्तीका लागि अन्य कामहरु गर्ने ।
(ऊ) समितिको नगद तथा जिन्सीको संरक्षणकोलागी आबस्यक निरिक्षण र समन्वय गर्ने ।
(ए) सस्थाको उद्देश्य प्राप्तीकोलागि अन्य कार्य गर्ने ।
(ऐ) क्रियाशिल सदस्यताको प्रयोजनलाई समेत मध्यनजर राखी समितिद्धारा संचालित कार्यक्रममा उपस्थित सदस्यहरूो अधिलेख राख्ने व्यवस्था मिलाउने ।
(ओ) समितिको गतिविधी तथा सदस्यहरूको अधिलेख राख्ने ।
(औ) क्षेत्रिय समिति, भातृ संस्था, विभाग तथा उपसमितिहरूको कारवाहीमा जानकारी लिई बैठकमा पेश गर्ने तथा अभिलेख व्यवस्थापन गर्ने गराउने ।

(घ) सहमहामन्त्री

सहमहामन्त्रीको देहाय बमोजिमको काम हुनेछ ।

(अ) महामन्त्रीको अनुपस्थितीमा महामन्त्रीको गर्नेपर्ने कायैहरूमा सभापतिको निर्देशनानुशारगर्ने ।
(आ) अभिलेख व्यवस्थापनमा महामन्त्रीलाई सहयोग गर्ने ।
(ई) महामन्त्रीको अनुपस्थितीमा महामन्त्रीको कार्यप्रयोजनको जिम्वेवारी तोक्दा सभापतिले सहमहामन्त्री मध्येवाट तोक्नेछ ।

(ङ.) कोषाध्यक्षः
कोषाध्यक्षको देहाय बमोजिमको कार्य हुनेछ ।

(अ) कोष तथा सम्पत्तिको संरक्षण र सम्बर्द्धन गन,
(आ) आम्दानी खर्चको हिसाब चुस्त र दुरूस्त राख्ने ।
(इ) वार्षिक आयव्यय प्रतिवेदन तयार पारी प्रत्येक वर्षको साधारण सभामा पेश गर्ने ।
(ई) समितिले तोके अनुसार लेखा परिक्षण गराउने ।
(उ) समितिको कोषको ब्यवस्थापन गर्ने, खर्च भुक्तानि दिने ।
(ऊ) संस्थाको उद्देश्य प्राप्तीको लागि आवश्यक कामहरू गर्ने ।
(ए) नेपालवाट कुनै पनि नेता वा अन्य व्यक्तिलाई समितिको निमन्त्रणमा बेलायतको कार्यक्रम तय गर्दा गरिने खर्चको स्वीकृति समितिको बैठकवाट अग्रिम रूपमा लिने ।
(ऐ) समितिको सदस्यता शुल्क र अन्य रकम हिनामिना गर्ने, समयमा समितिको रकम नवुझाउने सदस्य, क्षेत्रिय समिति, भातृ संस्थाको लगत तैयार गर्ने, ताकेता गर्ने, रकम नउठेमा त्यसको बिवरण सहित कारवाहीका लागी अनुसाशन समिति र केन्द्रमा लेखी पठाउने ।
(ओ) सदस्यता शुल्क रसिदको बिवरण राख्ने र शुल्क प्राप्त सदस्यहरूको बिवरण तैयार गरि महामन्त्रीलाई पेश गर्ने ।

(च) सदस्यहरुः

(अ) कार्यसमितिको बैठकको एजेण्डाहरुमा मत जाहेर गर्ने, विमर्श गर्ने र निर्णय प्रक्रियामा भाग लिने । कार्य समितिको कार्यकमहरू सम्पादन गर्न आवश्यकता अनुसार सहयोग गर्ने ।

(छ) सल्लाहकार समिति सम्वन्धि व्यवस्थाः

समितिको कार्य समितिलाई सल्लाह, सुझाव र मार्गदर्शन प्रदान गर्नको लागि दुई देखि सात जना सम्मको प्रतिष्ठित, बौद्धिक ब्यक्तित्व तथा पुर्व सभापतिहरू सहितको एक सल्लाहकार समितिको गठन हुनेछ । तर समितिको निवर्तमान सभापति स्वतह सल्लाकार हुनेछन् । यस्ता सल्लाहकार समितिमा मनोनित हुने ब्यक्तित्वहरू निम्न अनुसारको योग्यताको हुनु पर्नेछ ।

(क) नेपाली कांग्रेस र यसका भातृ संगठनहरूको जिल्ला समिति वा माथिल्लो तहको समितिमा वा त्यस्तो समितिको प्रत्यक्ष सम्पर्कमा रहि पार्टीको काम गरेको ब्यक्ति वा,
(ख) बिगतमा नेपाली कांग्रेसलाई आर्थिक वा अन्य तवरवाट प्रत्यक्ष सहयोग पुर्‍याएको ब्यक्ति वा
(ग) बिगतमा पार्टीको सिफारिसमा कुनै संस्था वा निकायको प्रमुख भै काम गरेको ब्यक्ति ।
(घ) नेपाली कांग्रेसको सिद्धान्त प्रति निष्ठा राख्ने ख्याति प्राप्त बौधिक ब्यक्तित्व ।

(ङ.) नेपाली कांग्रेसको सिद्धान्त प्रति निण्ठा राख्ने ख्यातिप्राप्त बौद्धिक वा सामाजिक व्यक्तित्व । तर पार्टिको निर्देशन र नेपाली कांग्रसको आदर्श विपरीत काम गरेको वा गर्ने व्यक्ति सल्लाहाकार समितिको लागि योग्य हुने छैन ।

यसरी गठित सल्लाकार समितिका सल्लाहकारहरू समितिको कार्य समितिको बैठकमा उपस्थित हुने, छलफलमा भाग लिने, सुझाव  तथा मार्ग निर्देशन दिन सक्नेछन् । अपठेरो परिस्थितिको सृजना भै समितिलाई गम्भिर असर पर्न सक्ने वा पर्न गएको अवस्थामा निकासका लागि सल्लाहकार समितिले छुट्टै बैठक वसी समितिको हितलाई ध्यानमा राखि समितिका सभापतिलाई लिखित सल्लाह दिन सक्नेछन् ।

(ञ) कार्य सम्पादन समिति (स्टेरिङ्ग कमिटि)

तत्कालै सम्पूर्ण कार्य समितिका सदस्यहरू उपस्थित हुन व्यवहारिक कठिनाई हुने अवस्थालाई मध्यनजर राखी भैपरीआउने कार्य सम्पन्न गर्ने गरि एक कार्य सम्पादन समिति गठन गरिनेछ ।

कार्य सम्पादन समितिमा निम्नानुसार सदस्य रहनेछन् ।

(क) सभापति
(ख) उपसभापति एक
(ग) महामन्त्रि
(घ) कोषाध्यक्ष
(ङ.) सदस्यमध्येवाट तीन जना

यसरी गठित कार्यसमितिका सभापति सहित ७ (सात) जनाको एक कार्य सम्पादन समितिले समितिमा भैपरी आउने कार्यक्रमको सम्वन्धमा आवश्यक निर्णय गरी कार्यान्वयन गराउनेछ । सो समितिमा मनोनयन हुने उपसभापति र सदस्यहरूलाई निजको उपलव्धता लण्डन नजिको वसाई समेतको मध्येनजर राखेर कार्य समतिले मनोनयन गर्नेछ ।

(ट) केन्द्रिय सभा

समितीको कार्य सम्पादनमा आइपर्ने सक्ने बाधा अड्काउ व्यवस्थान गर्नकोलागि निम्नानुसार व्यक्तित्वहरू सहितको एक केन्द्रिय सभा रहनेछ ।

(अ) केन्दिय समितिका  सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू
(आ) क्षेत्रिय समितिका सभापति र उपसभापतिहरू
(इ) समितिका सम्पूर्ण सल्लाहकारहरू
(ई) समितिमा आवद्ध भतृसंस्थाका सभापतिहरू,
(उ) समितिका पूर्व सभापति, उप सभापतिहरू तथा महामन्त्रिहरू
(ऊ) बेलायत स्थित नेपाली कांग्रेससंग सम्वद्ध वरियठ व्यक्तित्वहरू मध्येवाट केन्द्रिय समितिद्धारा मनोनित वढिमा १० जना व्यक्तिहरू ।

यस सभाको सभापतित्ग उमेरका हिसावले सवै भन्दा जेष्ठसदस्यले गर्नेछ ।

**काम कर्तव्य र अधिकारः**

(१) समितिको कार्य सम्पादनमा कुनै बैधानिक समस्या आईपरेमा विधानको वाधा अडकाऊ फुकाउ धारा अन्तर्गत रहि सोको व्याख्यागर्ने ।
(२) समितिको विधानसंग असम्वन्धित भएतापनि समितिसंग सम्वद्ध कुनै पनि विवादस्पद वा अन्य असमझदारीलाई छलफल र समन्वय द्धारा समाधान गर्ने ।
(३) समितिले भैपरी आउने समस्याको सम्वन्धमा केन्दिय सभाको माध्यमवाट निराकरण गर्न चहाएको कुनै पनि विषयमा समाधान निकाल्ने ।

तर अन्य भागमा जे सुकै लेखिएको भएतापनि यस सभाकोबैठक समितिको केन्दिय समितिले निर्णय गरी आवश्यक ठानेकोमा मात्र वस्नेछ ।केन्दिय सभाका आधा वा सो भन्दा वढि सदस्यहरूले सभाको बैठक बोलाउन आवश्यक छ भनी लिखित अनुरोध

गरेमा सात दिन भित्र कम्तिमा १५ दिनको समयावधि राखेर सभापतिले बैठक बोलाउनु पर्नेछ ।

**१७. क्षेत्रिय समितिहरूको गठन र कार्यबिधि,**

(क) समितिका एक उपसभापतिको संयोजकत्वमा एक क्षेत्र निर्धारण समिति गठन गरिनेछ । जसमा वढिमा पांच जनासमम्म सदस्यहरू रहनेछन् ।
(ख) क्षेत्र निर्धारण समितिको सिफारिसमा तोकिएको क्षेत्रमा क्षेत्रिय समिति गठन हुनेछ । यस्ताक्षेत्रिय समितिले नेपाली जनसम्पर्क समितिको स्थानिय सम्पर्क समितिको रूपमा कार्य गर्नेछन ।
(ग) क्षेत्र निर्धारण समितिले क्षेत्रिय समितिको क्षेत्र निर्धारण गर्दा भौगोलिक दुरी बेलायतको राजनीक भुगोल, नेपालीहरूको जनधनत्वलाई समेत मुख्य आधार मानिनेछ । अन्यआधारहरूको हकमा कार्य समितिले तोकिएको आधारलाई मान्नु पर्नेछ । सो समितिले निर्धारण गरेको क्षेत्र केन्द्रिय समितिले अनुमोदन गरेपछि लागु हुनेछ ।

(घ) क्षेत्रिय समिति गठन हुनको लागि कम्तिमा ११ जना क्रियाशिल सदस्य वितरण भएको हुनुपर्दछ । जहां केन्द्रिय समितिले निर्णय गरी क्षेत्रिय समिति गठन हुनेछ ।
(ङ.) क्षेत्रिय समिति आबस्यकता अनुसार ५ देखि ११ जना सम्म पदाधिकारी र सदस्यहरू रहन सक्नेछन् । क्षेत्रिय समितिका सभापति र ५० प्रतिसत सदस्यहरू क्षेत्रिय सभावाट निर्वाचित हुनेछन् भने अन्य पदाधिकारी र सदस्यहरू क्षेत्रिय सभापतिले मनोनित गर्नेछ ।
(च) क्षेत्रीय समितिहरूको क्षेत्रीय अधिवेशन ३ बर्षमा एक पटक हुनेछ । क्षेत्रिय समितिले ओगेटेका क्षेत्रभित्र बसोवास गर्ने सवै सक्रिय, क्रियाशिल, साधारण, आजिवन सदस्यहरू क्षेत्रिय सभाका सदस्यहरू रहनेछन् ।
(छ) यस विधान कायम रहदाको अवधिमा बनिसकेका क्षेत्रिय समितिहरू यसै विधान अन्तर्गत गठन गरिएको मानिनेछ ।
(ज) क्षेत्रिय समितिले यस बिधान संग नबाझिने गरि छुट्टै नियम बनाई लागु गर्न सक्नेछन् ।

**१८. क्षेत्रिय समितिको काम कर्तब्य र अधिकारः**

(क) केन्द्रवाट र समितिवाट प्रकाशित घोषणपत्र, निति, नियम, साहित्य, पत्रपत्रिका तथा अन्य प्रचार सामाग्रीहरूको बितरण र प्रचार गर्ने ।
(ख) केन्द्र समितिको निर्देशन पालना गर्ने ।
(ग) क्षेत्रिय स्तरमा समितिको सदस्यता बितरण गर्ने ।
(घ) क्रियाशिल सदस्यको लागि योग्यता पुगेको सदस्यको बारेमा समितिमा सिफारिस गरी पठाउने ।
(ङ.) क्षेत्रिय स्तरमा केन्द्र र समितिद्धारा निर्देशित राजनैतिक तथा ससामाजिक कायैक्रमहरू गर्ने ।
(च) केन्द्रिय समितिले लिएको आदर्श र निति बिपरित नहुने गरि स्थानीय तहमा लोकप्रिय हुने खालका सहभागितामुलक कार्यकमहरू आयोजना गर्ने ।
(छ) सदस्यता लगायत क्षेत्रिय समितिले गरेका उल्लेखनिय कार्यहरूको बिवरण वनाई अर्धवार्षिक रूपमा समितिमा पठाउने ।
(ज) सदस्यता शुल्कवाट उठेको रकमको ७५ प्रतिसत रकम क्षेत्रिय समितिले आफ्नो खातामा राख्ने र क्षेत्रिय समितिको प्रयोजनमा खर्च गर्न सक्नेछ र वांकी २५ प्रतिसत रकम समितिमा पठाउन पर्नेछ ।

**१९. क्षेत्रीय अधिवेशनको काम कर्तब्य र अधिकार**

(क) क्षेत्रिय समितिको सभापति र ५० प्रतिसत सदस्यहरू निर्वाचित गर्ने ।
(ख) क्षेत्रिय समितिका कार्यकम तथा बजेट माथी छलफल गर्ने ।
(घ) क्षेत्रिय समितिले वनाएका नियमहरू पास गर्ने, संसोधन र खारेज गर्ने ।
(ड) क्षेत्रियस्तरका नेपालीहरूको हितका लागि आवस्यक सहयोगी कार्यकम पास गरि कार्यान्वयन गराउने ।

## २०. विभाग, समिति तथा भातृ संस्थाहरूः

(अ) विभाग

समितिको कार्य संचालनलाई बिकेन्द्रित, सक्रिय तथा व्यापक बनाउने उद्देश्यले विभिन्न बिभागहरू गठन गरिनेछ ।

(क) संगठन विभाग

समितिका एक सदस्य संयोजकत्वमा वढिमा सात सदस्सिय संगठन विभाग गठन गरिनेछ ।

**काम तथा कर्तव्य**

(१) समितिका सदस्यता वितरण सम्वन्धि कार्य गर्ने
(२) क्षेत्रिय समिति गठन सम्वन्धमा समितिवाट निर्णय भए बमोजिम समन्वयकारी भुमिका निभाउने ।
(३) भातृसंस्था गठन तथा समन्वयमा आवश्यक पहल गर्ने ।

(ख) महिला समन्वय विभाग

समितिका महिला सदस्यको संयोजकत्वमा वढिमा सात सदस्यीय एक महिला समन्वय विभाग गठन गरिनेछ ।

**काम तथा कर्तव्यः** बेलायतमा रहेका महिलाहरूलाई समितिको छाताभित्र गोलवन्द गराउन आवश्यक भुमिका निर्वाह गर्ने ।

(ग) कायैक्रम तथा समन्वय विभाग

समितिका एक सदस्यको संयोजकत्वमा वढिमा सात सदस्सिय एक कार्यक्रम तथा समन्वय विभाग राख्नेछ ।

**काम तथा कर्तव्यः** समितिवाट पारित कार्यक्रमहरू कार्यान्वयन तथा समन्गाय गरी सम्पन्न गर्ने गराउने ।

(घ) युवा, विधार्थी तथा अतिरिक्त क्रियाकलाप विभाग

समितिका एक सदस्यको संयोजकत्वमा एक वढिमा सात सदस्सिय युवा, विद्यार्थि तथा अतिरिक्त क्रियकलाप विभाग रहने छ । जसले समितिको निणर्य अनुसार युवा, विद्यार्थिलाई वढि भन्दा वढि समेटन तथा सक्रिय वनाउन विभिन्न अतिरिक्त क्रियकलाप तथा कार्यक्रम संचालन गर्ने तथा युवा विद्यार्थिहरूलाई समितिभित्र समेटने कार्य गर्ने छ ।

(ङ.) आर्थिक विभाग

समितिको कोषाध्यक्षको संयोजकत्वमा एक वढिमा सात सदस्य आर्थिक विभाग रहनेछ । जसले समितिको निर्णयअनुसार अर्थ संकलन, पारदर्शी अभिलेख तथा खर्च नियन्त्रण जस्ता कार्यहरू गर्नेछ । समितिको आयव्ययलाई दुरूस्त राख्ने कार्यसमेत गर्नेछ ।

(च) भूतपूर्व सैनिक विभाग

समितिका एक सदस्य यथासम्भव भूतपूर्व सैनिकहरू मध्येवाटै संयोजकत्वमा वढिमा सात सदस्सिय भूतपूर्व सैनिक विभाग गठन गरिनेछ । जसले भूतपूर्व सैनिकहरूलाई यस समितिको छाताभित्र गोलवन्द गर्नेछ । साथै भूतपूर्व सैनिक सम्वन्धि कार्यक्रमहरूमा समन्वयकारी भूमिका निभाउनेछ ।

(छ) पेशागत संघ संस्था समन्वय विभाग

समितिका एक सदस्यको संयोजकत्वमा बढिमा सात सदस्सिय पेशागत संघ सस्था समन्वय विभाग गठन गरिनेछ । जसले बेलायतमा रहेका विभिन्न पेशागत संघ संस्थालाई समन्वय गरी समितिको कार्यमा सहजता प्रदान गर्नेछ ।

समितिको अधिवेशन समाप्त भएको मितिले तिन महिना भित्र यी विभागहरू गठन गरि सक्नु पर्ने छ ।

समितिले आवश्यक ठानेमा अन्य विभाग, उपसमितिहरू गठन गर्न सक्नेछ ।

विभागका अन्य काम कर्तव्य र अधिकार समितिद्धारा बनाइएको नियमावलिमा तोकिए बमोजिम हुनेछ ।

(आ) भातृसंस्था

केन्द्र तथा समितिले लिएका निति आदर्श र सिद्धान्त प्रति प्रतिवद्ध भई समितिको सहमतिमा खुलेका महिला, भूतपूर्व सैनिक, मजदुर, विद्यार्थि, तरण, पेशागत आदि संस्थाहरू नेपाली जनसम्पर्क समिति बेलायतका भातृसंस्था हुनेछन् ।

यस्ता संस्थाहरूको गठन विधी, काम-कर्तव्य, र अधिकार सबै क्षेत्रिय समिति सरहको हुनेछ । तर सदस्यता शुल्कको हकमा संस्थागत सदस्यता £ 50 बुझाउनु पर्नेछ ।

यस्ता समितिहरू नेपालमा केन्द्रका मातृसंस्थाहरूसंग समेत सम्पर्कमा रहि कार्य गर्न सक्नेछन् । यस्ता मातृसंस्थाहरूले केन्द्र र समितिको विधानसंग नवाझिने गरी आफ्नो छुट्टै विधान वनाई लागु गर्न सक्नेछ ।

(इ) नेपाली काग्रेसको विधान बमोजिम पार्टिको प्रयोजनको लागि महाधिवेशन प्रतिनिधीको अधिकार प्राप्त भएमा प्रतिनिधी सदस्यहरू मध्ये आधा समितिका सभापतिले र वांकी आधा संख्या कार्यसमितिको निणय अनुसार तोकिनेछ । त्यस मध्ये महासमिति सदस्यहरू सभापतिले तोक्ने छ । तर यस्ता प्रतिनिधीहरू मनोनयन गर्दा निजको योगदान वरिष्ठता तथा समावेशिकरण लाई आधार मानिनेछ ।

## *परिच्छेद छ*
## संस्थाको आर्थिक व्यवस्था र संचालन

### २१. आर्थिक श्रोतः

संस्थाको उद्देश्य परिपूर्तीको लागि संस्थाको एउटा आफ्नो छुट्टै कोष (अक्षय कोष बाहेक) हुनेछ । जसमा देहाय वमोजिमका रकमहरु रहनेछ छन्,

(क) दान दातव्य, चन्दाबाट प्राप्त भएको रकम,
(ख) सदस्यता शुल्कबाट प्राप्त भएको रकम
(ग) संस्थाको कृयाकलापबाट आर्जन भएको रकम,
(घ) अनुदान र सहयोगस्वरुप प्राप्त भएको रकम,
(ङ) विदेशी संघ संथाबाट प्राप्त भएको रकम,
(च) लेभीबापत प्राप्त रकम,

### २२. कोष संचालनः

(क) कोषको रकम संस्थाको नाममा बैंकमा जम्मा हुनेछ ।
(ख) बैकिंङ्ग प्रयोजनको लागि आवश्यक पर्ने कागजात तथा अन्य प्रकृया समितिले तय गरी खाता खोल्ने लगाएतका कार्यहरू गर्नेछ ।

(ग) बैक खाताको संचालन समितिको सभापति, महामन्त्रि तथा कोषाध्यक्ष मध्यै कुनै दुई जनाको संयुक्त दस्तखतवाट संचालन गरिनेछ ।

**२३. . बजेट स्वीकृतिः**

(क) प्रत्येक आर्थिक वर्षको अनुमानित आयाव्ययको बजेट कार्यसमितिमा बहुमत सदस्यबाट पारित हुनु पर्नेछ ।

**२४. लेखा परिक्षणः**

(क) प्रत्येक वर्ष यस संस्थाको आर्थिक कारोबारको लेखा परिक्षण गर्न कार्य समितिले एक लेखापरिक्षक नियुक्ति गर्नेछ । उक्त लेखापरिक्षणको प्रतिवेदन साधारण सभा र कार्य समिति समक्ष राख्नुपर्नेछ ।

**परिच्छेद सात**
**अक्षयकोषको स्थापना**

**२५. अक्षयकोषको स्थापनाः**

(क) संस्थाको उद्देश्य प्राप्तीको लागि कार्यक्रमहरुमा स्थयित्व ल्याउन एक अक्षयकोषको स्थापना गरिनेछ ।
(ख) कार्यसमितिले बनाएको नियमावली अनुसार अक्षयकोषको संचालन गरिनेछ ।

**परिच्छेद आठ**
**विविध**

**२६. मुल्यांकन तथा अनुशासन उपसमितिः**

क) समितिका उपसभापतिको संयोजकत्वमा सदस्यहरू मध्ये दुई जना सहितको एक मुल्यांकन तथा अनुशासन उपसमिति गठन हुनेछ । उक्त समितिले प्रतेक ६ महिनामा कार्यसमितिमा प्रतिबेदन पेश गर्नपर्नेछ ।

(ख) यस उपसमितिले क्षेत्रिय समिति, संस्थागत समितिहरूको कार्य दक्षता र प्रकृया अनुगमन गरि अवस्यक भएमा सुझाउ दिनेछ ।

(ग) कृयाशिल सदस्यताका लागि पर्न आएका निवेदनहरूमा छानबिन गरि सिफारिस गर्न कार्यसमितिमा पेश गर्नेछ ।

(घ) नेपाली कांग्रेस, नेपाली जनसम्पर्क समिति र यिनका बिधान, सिद्धान्त र आदर्श बिपरित कार्यगर्ने सदस्यहरूको लगत तैयार गरि कारवाईका लागी कार्य समितिमा पेश गर्नेछ, कारवाईमा परेको सदस्यको मताधिकार हुनेछैन ।

(ड.) समितिको आर्थिक हिनामिना गरेको, समितिलाई तिर्नु वुझाउनु पर्ने रकम तिनु वुझाउन आलाटाली गरेको, तिर्न अस्विकार गरेको भनि कोषाध्यक्षले दिएको प्रतिबेदनको आधारमा त्यस्तो सदस्य, क्षेत्रिय समिति, र भातृ संस्था उपर छानविन गर्ने, अन्तिम चेतावनि दिने र आवस्यक परेमा कारवाहिको लागि सिफारिस गर्ने ।

(च) कुनैपनि सदस्इको सम्वन्धमा अनुसासन सम्वन्धि कारवही भईरहेकोमा आवश्यक सम्झेमा यस उप(समितिले सिफारिसमा कार्य समितिले निजलाई निलम्वन गर्न सक्नेछ ।

(छ) समितिका कुनै पदाधिकारी वा कुनै सदस्य वा संस्थाका कुनै सदस्यलाई दु:ख दिने वा समाजमा वैजति गर्ने वा हैरानी दिने उद्देश्यले वा समितिको कुनै कार्यमा आफ्नो सहमति

नभएको अवस्थामा विधान सम्वत मार्ग नअपनाई गालिवैजती वा दु:खदिन मनसायले कुनै व्यक्तिल कुनैपनि संचारको माध्यमवाट अनुशासन विपरीत कार्ये गरेमा अनुशासन समितिले आवश्यक छानविन गरी सो कुरा भए गरेको कुरा प्रमाणित भएमा निजलाई लिखित रूपमा चेतावनी दिन वा निलम्वन वा निस्कासन गर्नका लागि समिति समक्ष सिफासिस गर्न सक्नेछ ।

(ज) माथी उपराधा (छ) बमोजिम सिफारिस प्राप्त भएको अवस्थामा समितिले विवाधमा संलग्न व्यक्तिको मनसाय, निहित स्वर्थ समेतलाई दृष्टिगत गरि निजसंग स्पष्टिकरण सोधि पहिलोपटक चेतावनी दिने वा निलम्वन वा निस्कासन समेत गर्न सक्नेछ । तर यसरी कारवाहि गर्दा सफाईको मौकावाट भने बञ्चित गरिनेछैन।

(ङ) अन्य कार्य बिधि तोकिए बमोजिम हुनेछ ।

## २७. निर्वाचन सम्बन्धी व्यवस्थाः

कार्यसमिति गठन भएको मितिले ३ वर्ष पुग्नुभन्दा कम्तीमा दुई महिना अगाडि कम्तीमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिनेछ ।

(क) निर्वाचन समितिले निर्वाचन प्रक्रिया आफै तोक्नेछ ।
(ख) निर्वाचन समितिले दिएको निर्णय अन्तिम हुनछ ।

## २८. उमेदवार र कार्यसमिति सदस्य हुन अयोग्यताः

देहायको अवस्थामा कुनै पनि व्यक्ति कार्य समितिको लागि कुनै पनि पदमा उम्मेदवार वन्न योग्य हुने छैन ।

(क) संयुक्त अधिराज्यको अध्यागमन कानून अनुसार बेलायतमा बस्न अवैधानिक ठहरिएका नेपाली नागरिक ।
(ख) संस्थाको विधान अनुसार साधारण सदस्यता प्राप्त नगरेको व्यक्ति ।
(ग) समितिलाई तिर्न पर्ने रकम नतिरेको ब्यक्ति वा समितिको हिसाव फ्योट नगरेमा ।
(घ) यस विधान अन्तर्गत निलम्वित वा निस्कासित व्यक्ति
(ड.) यस बिधानका अन्य धाराहरूमा ब्यबस्था भएअनुसार अयोग्य भएमा,
(च) यस विधान बमोजिम अनुसाशनको कारवाहि भएकोमा सो कारवाहि कायम रहेको अवस्थामा,

## २९. अविश्वासको प्रस्तावः

(क) कार्यसमिति वा कार्य समितिभित्रका निर्वाचित वा मनोति कुनै पदाधिकारी प्रति अविश्वास छ भनी अधिवेशनमा भाग लिएका पच्चिस प्रतिशत प्रतिनिधीले अविश्वासको प्रस्ताव गरेमा अधिवेशनको कायम सदस्य संख्याको दुई तिहाइ बहुमतद्वारा सो प्रस्ताव पारित गर्न सकिनेछ ।
(ख) अविश्वासको प्रस्ताव वर्षमा एक पटकमात्र ल्याउन सकिने छ ।

## २९क. राजिनामा

समितिका सभापतिले उपसभापति मार्फत कार्य समिति समक्ष र अन्य पदाधिकारी तथा सदस्यहरूले सभापति समक्ष राजिनामा दिन सक्नेछन् । यसरी प्राप्त पदाधिकारी तथा सदस्यहरूको राजिनामा सभापतिले स्वीकृत गर्ने सक्नेछ । सभापतिको राजिनामा कार्य समितिको बहुमतको निर्णय द्धारा पारित गर्न सक्नेछ ।

सभापतिले कार्यसमिति समक्ष र अन्य सदस्यले सभापति समक्ष राजीनामा दिन सक्नेछन् । त्यस्तो राजीनामा समितिको बहुमतद्वारा स्वीकृत हुन सक्नेछ ।

### ३०. अन्य संध सस्था तथा समितिहरूको अस्तित्व शुन्य हुने

संयुक्त अधिराज्यमा नेपाली कांग्रसको ईकाईको रूपमा कार्यरत यस समिति अन्तर्गत रहने गरी भनी समितिको विधान निती, नियम, वाहेक कथित नेपाली कांग्रेससंग सम्वन्धित वा लाई सहयोग गर्न खोलिएका कुनै पनि संघ सस्था तथा समितिहरूको अस्तित्व शुन्य हुनेछ र त्यस्ता संघ, स्थालाई नेपाली कांग्रसवाट मान्यता हुने छैन ।

समितिको पूर्व स्वीकृती नलिई वा समितिको विरूद्धमा लक्षित गरी कुनै किसिमको भेला, बैठक, लेख रचना, क्याम्पेनिङ्ग वा अन्य क्रियकलाप गरेको भनि समितिको अनुसाशन उप समितिले ठहर गरेमा त्यस्ता सदस्यलाई कार्यसमिकिो अनुसाशन उपसमितिले ठहर गरेमा त्यस्ता सदस्यलाई कार्य समितिले तिन (३) बर्ष सम्मको लागि साधारण सदस्यवाटै निलम्वन वा निस्कासन गर्न सक्नेछ । कुनै पनि संघ सस्थामा यस समितिका सदस्यहरूले भाग लिन समितिको स्वीकृती लिनु पर्नेछ ।

### ३१. नियम बनाउने अधिकारः

यो विधानको उद्देश्य कार्यान्वित गर्न समितिले नेपाली कांग्रेसको विधान र यस बिधान विपरित नहुने गरी आवश्यकता अनुसार नियम बनाई लागू गर्न सक्नेछ । समिति अर्न्तगत खुलेका सबै इकाई, भातृ संस्था तथा संस्थागत सदस्य संस्थाका बिधान नियमावलीहरू समितिले स्विकृत गरेपछि मात्र लाग ुहुनेछ ।

### ३२ व्याख्या गर्ने अधिकारः

यो विधान र यस अन्तर्गत बन्ने नियमहरुको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

### ३३. विधान संशोधनः

माथी जे लेखिएको भएतापनि संस्थाको विधान संशोधन गर्न आवश्यक पर्ने भएमा सो कुरा अधिबेशनमा पेश गरि सम्पूर्ण सदस्यहरुको दुई तिहाई सदस्यहरुबाट पारित गरिएमा विधान संशोधन हुनेछ । यस्तो प्रस्ताब कार्यसमिति मार्फत अधिवेशनमा पेश हुनेछ ।

### ३३क. वाधा अड्काउ फुकाऊ

यस विधानको व्याख्या गर्दा कुनै किसिमको जटिलता आई परेमा वा विधानमा व्यवस्था भए भन्दा वाहिरको प्रीस्थिती सृजना भई समितिको कार्य संचालनमा वाधा पुगेको कुरा कार्य समितिले मुहशुश गरेमा समितिको निर्णय बमोजिम केन्द्रिय सभा बोलाउन सक्नेछ । यस परिस्थितीमा समितिको कार्य सहजकताको लागि असल मनसायले निर्देशित भई विधानमा तिन चौथाई बहुमत संसोधन संसोधन गर्न सक्ने छ र सो संसोधनलाई पछि अधिवेशनको दुई तिहाई बहुमत अनुमोदन गर्न पर्नेछ । तर विधानको मुल भुत कुरालाई नै परिवर्तन गर्ने गरी वा असर पर्ने गरी कुनै पनि संसोधनको कार्य गरिने छैन ।

### ३४. संस्थाको विघटनः

संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकि वा अन्य कुनै कारणवश संस्थाको विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा, कागजपत्र र चल अचल सम्पत्ती नेपाली कांग्रेस पार्टी, केन्द्रीय कार्यालय ललितपुर, नेपाललाई हस्तान्तरण गर्नु पर्नेछ ।

### ३५. बचाउः

(क) यो विधानमा लेखिएजति कुरामा यो विधान बमोजिम र नलेखिएकोमा संयुक्त अधिराज्य को कानूनले जटीलता पैदा गरेमा प्रचलित नेपाल कांग्रेसको विधान बमोजिम हुनेछ ।

(ख) यो विधान लागू हुनुभन्दा पहिले तदर्थ समितिले गरेका सम्पूर्ण कार्यहरु यसै विधान बमोजिम गरेको सरह हुनेछ ।

(ग) यो विधान लागु हुंदाका बखत कायम रहेको कार्यसमिति यसै विधान बमोजिम गठन भएको मानिने छ ।

(घ) माथि जेसुकै लेखिएको भए पनि नेपाली कांग्रेस केन्द्रीय समितिको विधानसंग बाझिएको खण्डमा नेपाली कांग्रेस केन्द्रीय समितिको निर्णय बमोजिम हुनेछ ।

(समाप्त)

**अनुसुची १**

**नेपाली जनसम्पर्क समिति, बेलायतको विधान २०६३**
**को**
**परिच्छेद १ को ३ ख अनुसार समितिको छाप**

**नेपाली जनसम्पर्क समिति, बेलायतको छाप**